नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखा)

फोन: ०१-४२००२१२

पत्र संख्याः- ०७०।७१
चलानी नं.:- 22

www.mofald.gov.np
e-mail: vitalevent@mofald.gov.np
सिंहदरबार, काठमाडौं

मिति २०७०।४।६

**विषयः - मरणोपरान्त भत्ता/वृत्ति/अनुदान भुक्तानी सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय, (सवै) ।

श्री महानगरपालिका/उप-महानगरपालिका (सवै) ।

प्रस्तुत विषयमा जिल्ला विकास समितिको कार्यालय इलामको मिति २०७०।३।१९ च.नं. २४१४ को पत्रबाट सामाजिक सुरक्षा कार्यक्रम सञ्चालमा कार्यविधि, २०६९ को दफा १३ (३) बमोजिम सामाजिक सुरक्षा भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकका हकवालालाई भुक्तानी दिईने छ भनी उल्लेख भएकोमा उक्त रकम नगरपालिका/गाउँ विकास समितिबाटै आवश्यक प्रमाणको आधारमा सम्वन्धित हकवालालाई भुक्तानी दिने हो वा भुक्तानी अनुमतिका लागि जिल्ला विकास समितिको कार्यालयमा अनुरोध गर्ने सम्वन्धमा द्विविधा भई निर्देशन माग भएको हुँदा भत्ता/वृत्ति/अनुदान पाउने व्यक्तिको मृत्यु भएको दिन सम्मको पाउन बाँकी रकम दाबी गर्न आएमा प्रचलित कानून बमोजिमका नजिकको हकदारलाई निम्न लिखित प्रमाणका आधारमा गाउँ विकास समिति/नगरपालिका स्तरको निर्णयबाट भत्ता/वृत्ति/अनुदान वितरण गर्न सकिने व्यहोरा नेपाल सरकार (सचिवस्तर) मिति २०७०।४।६ को निर्णयानुसार अनुरोध छ ।

**पेश गर्नुपर्ने प्रमाणहरु**

१) मृत्यु दर्ताको प्रमाणपत्र
२) नियमानुसारको नाता प्रमाणित पत्र
३) नजिकको हकवाला हो भन्ने सिफारिश पत्र वा मुचुल्का
४) मृतकको साविकको भत्ता/वृत्ति/अनुदान पाउने परिचय पत्र
५) मृतकको र हकवालाको नागरिकताको प्रमाण पत्र

२०७०।४।६

(रोशनशङ्कर घिमिरे)
शाखा अधिकृत